# गौमुखी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पुजा ,प्यूठान
लुम्बिनी प्रदेश नेपाल

gaumukhirm2073@gmail.com
web: www.gaumukhimun.gov.np
9857836319


प.सं.:२०७८/०७९
च.नं.: ६६४

मिति २०७८/१०/१२

श्री गौमुखी गाउँपालिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षकहरु,

**विषय : प्रधानाध्यापक छनोट सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा गौमुखी गाउँपालिको शिक्षा ऐन २०७७ तथा नियमावली २०७८ अनुसार यस गाउँपालिका भित्र रहेका सबै सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक छनोट र नियुक्तिलाई एकरुपता कायम गर्न प्रधानाध्यापक पदमा पदपूर्ती गर्नुपर्ने भएकोले सम्बन्धित तहमा नियुक्ति र निर्धारित योग्यता पुगेका सम्बन्धित सबै विद्यालयका इच्छुक शिक्षकहरूलाई तपशिलको कागजातसहित सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त दिनुहुन आह्वान गरिन्छ ।

..............
ओमहरि पोख्रेल
शिक्षा शाखा प्रमुख

तपशिल :

१. शैक्षिक योग्यताका सबै प्रमाण पत्रका प्रमाणित प्रतिलिपि १ प्रति

२. स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि १ प्रति

३. शैक्षिक तथा विद्यालय व्यवस्थापन तालिमका प्रमाण पत्रको प्रमाणित प्रतिलिपि १ प्रति

४. आफूले अध्यापन गरेको पछिल्लो तीन वर्षको कक्षागत नतिजा

५. शिक्षा नियमावली २०७८ को अनुसूची ११को उपनियम ५ मा रहेको ढाँचा (शीर्षक) मा विद्यालय विकास प्रस्ताव

६. शिक्षक स्टाफ र विद्यालय व्यवस्थापन समितिले गरेको मूल्याङ्न अङ्क|

७.नेपाली नागरिकता प्रमाण पत्र को प्रतिलिपि ।

८. दरखास्त दस्तुर

| | |
|---|---|
| क) प्रा.वि. | ३००।- |
| ख) नि.मा.वि | ४००।- |
| ग) मा.वि | १०००।- |

**नोट** : ऐन तथा नियमावलीबमोजिम कुनै विद्यालयमा सम्बन्धित तहमा नियुक्ति र शैक्षिक योग्यता नपुगेका शिक्षक रहेको अवस्थामा निमित्त प्रधानाध्यापक भई कामकाज गर्नका लागि सम्बन्धित विद्यालयका इच्छुक शिक्षकले नियुक्ति पत्रको प्रतिलिपि र निर्धारित ढाँचाको विद्यालय विकास प्रस्तावसहित माथि उल्लेखित समयमा दरखास्त दिनुपर्ने छ । माध्यमिक तहमा सहायक प्रधानाध्यापक भई काम गर्न इच्छुक शिक्षकले माथिकै समयभित्र माध्यमिक तहको स्थायी नियुक्ति पत्रसहित दरखास्त दिनुपर्ने छ ।

अन्य कुनै जानकारी चाहिएमा गौमुखी गाउँपालिकाको शिक्षा शाखामा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**दरखास्त दिने अन्तिम मिति २०७८/१०/२६ गते कार्यालय समयभित्र**

**सम्पर्क नं. 9847901282**

.................................

शिक्षा नियमावली २०७८ को नियम (८४) सँग सम्बन्धित सोही नियमको उपनियम (५) को अनुसूची-११ अन्तर्गत द्रष्टव्य खण्डको (७) सँग सम्बन्धित विद्यालयका शिक्षकहरूले गोप्य रूपमा भर्ने

**प्रधानाध्यापकको मूल्याङ्न फाराम**

मूल्याङ्कन कर्ता शिक्षकको

नाम :

नियुक्तिको तह र श्रेणी

विद्यालयको नाम :

हस्ताक्षर

मूल्याङ्कन हुने शिक्षकको

नाम :

नियुक्तिको तह र श्रेणी :

विद्यालयको नाम :

**मूल्याङ्कन गर्दा तलको निर्धारित ढाँचामा जम्मा २ अङ्कको मूल्याङ्कन गर्नुपर्ने छ । अङ्क प्रदान गर्दा ४० प्रतिशत भन्दा कम र ८० प्रतिशत भन्दा बढी अङ्क दिए सोको पुष्ट्याईं गर्नुपर्ने छ ।**

| मूल्याङ्कनका आधारहरू | अतिउत्तम (०.५) | उत्तम (०.४) | मध्यम (०.३) | सामान्य (०.२) | जम्मा |
|---|---|---|---|---|---|
| (क) शिक्षण पेसाप्रति निष्ठावान तथा लगनशील | | | | | |
| (ख) विद्यालयको शैक्षिक सुधार प्रतिको समर्पण भाव | | | | | |
| (ग) विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्वन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | | |
| (घ) उत्तरदायित्व र पारदर्शीता सम्बन्धी व्यवहार | | | | | |
| **जम्मा अङ्क** | | | | | |

**कुनै स्पष्टीकरण गर्नुपर्ने भए उल्लेख गर्नुहोस् ।**

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.....................................

मूल्याङकर्ता शिक्षकको हस्ताक्षर